बैठक संख्या :- १२२
मिति : - २०७९/०५/२६ आईतबार
समय :- बिहान ७.०० बजे

कमलामाई नगर कार्यपालिका  प्रमुख श्री उपेन्द्र कुमार पोखरेल ज्यु  को अध्यक्षतामा निम्नानुसारको उपस्थीतिमा कार्यापालिकाको बैठक बस्यो ।

<u>उपस्थिति</u>

| | |
|---|---|
| श्री उपेन्द्र कुमार पोखरेल | नगर प्रमुख |
| श्री मन्जु देवकोटा | उप-प्रमुख |
| श्री नरेश गोले | वडाअध्यक्ष १ |
| श्री ईन्द्र वाईवा | वडाअध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खड्का | वडाअध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ्ग | वडाअध्यक्ष ७ |
| श्री कोमल कुमार श्रेष्ठ | वडाअध्यक्ष ८ |
| श्री विनोद प्रधान | वडाअध्यक्ष ९ |
| श्री दिप बहादुर कार्की | वडाअध्यक्ष १० |
| श्री रामबहादुर थिङ | वडाअध्यक्ष ११ |
| श्री भिमबहादुर गुर्मछान | वडाअध्यक्ष १२ |
| श्री केशर बहादुर कार्की | वडाअध्यक्ष १३ |
| श्री राजन न्यौपाने | वडाअध्यक्ष १४ |
| श्री उमा विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री जमुना कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री देवि देवकोटा | कार्यपालिका सदस्य |
| श्री धन कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री भद्रीमाया हायु | कार्यपालिका सदस्य |
| श्री मान बहादुर दमाई | कार्यपालिका सदस्य |
| श्री राजन बहादुर भुजेल | कार्यपालिका सदस्य |
| श्री विशकसेन ढकाल | सचिव ( प्र.प्र.अ.) |

वैठक संख्या :- १२२
मिति :- २०७९/०५/२६ आईतबार
समय :- विहान : ७ : ०० वजे

१. शिक्षा समिति गठन सम्बन्धमा
२. शिक्षक सहजकर्ता
३. सिकाई केन्द्र व्यावस्थापन प्रतिनिधि
४. विद्यालय जग्गा प्रयोग गर्ने अधिकार सम्बन्धमा
५. भिमान र रानिवास क्षेत्रमा ल्याण्डफिल्ड व्यावस्थापन
६.भिमान लच्का मर्मत
७. डेङ्गोरोग नियन्त्रण सम्बन्धमा
८. नेवा खानेपानी सम्बन्धमा
९. कृषि पकेट धानवाली छनौट
१०. रैथाने वाली सम्बन्धमा
११. कागती पकेट क्षेत्र सम्बन्धमा
१२. राजोगार सहायक पदपूर्ति विज्ञ सदस्य मनोनित
१३. कृषि उपज वजार र जुनार संघ सम्बन्धमा
१४. कृषि सम्बन्धी ल्याव थप रकम
१५. डीपिआर
१६. कुकुर बन्ध्याकरण कार्यविधि सम्बन्धी
१७. पशु पकेट क्षेत्र
१८. रेविज रोग नियन्त्रण
१९. सीमाकंन. सम्बन्धमा
२०. पानी तान्ने मोटर खरिद सम्बन्धमा
२१. आर्थिक सहायता

निर्णय न १  नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयका रेखदेख समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति गठन गर्ने निर्णय गरियो ।

(१) अध्यक्ष - श्री उपेन्द्रकुमार पोखरेल, नगर प्रमुख

(२) सदस्य - श्री उज्वल कुमार थापा संयोजक, सामाजिक विकास समिति, नगर कार्यपालिका

(३) सदस्य - श्री शिब कुमारी रायमाझी कार्यपालिकाले तोकेको कार्यपालिकाका (महिला)

(४) सदस्य- श्री उमा बि.क. कार्यपालिकाले तोकेको कार्यपालिकाका (महिला दलित)

(५) सदस्य- श्री विशकसेन ढकाल, प्रमुख प्रशासकिय अधिकृत

(६) सदस्य - श्री बिष्णुप्रासाद फुयाल , सामुदायिक विद्यालय (सिलामे)

(७) सदस्य - श्री बलराम बराल, सामुदायिक विद्यालय (शिक्षक)

(८) सदस्य - श्री सबिता कोईराला, सामुदायिक विद्यालय (महिला शिक्षक)

(९) सदस्य - ..........संस्थागत विद्यालय, वि.व्य.स अध्यक्ष, (नगर प्रमुखद्वारा मनोनित)

१०) सदस्य - श्री कर्ण बहादुर घिसिङ, अध्यक्ष, सामुदायिक विद्यालय व्यवस्थापन समिति (शिक्षा समितिद्वारा मनोनित)

(११) सदस्य - श्री राजन प्रसाद कोइराला, अपांगता भएका बालवालिकाको शिक्षाको क्षेत्रमा काम गर्ने व्यक्ति (नगर प्रमुखलेद्वारा मनोनित)

(१२) सदस्य- श्री विश्वनाथ कोईराला, नगर अध्यक्ष, शिक्षक महासंघ

(१३) सदस्य सचिव- श्री शंकरराज लुईटेल, नगर शिक्षा अधिकारी आमन्त्रित

(१) उप- प्रमुख - श्री मञ्जु देवकोटा

(२) निजी विद्यालय - श्री राजेश मास्के/ श्री सोनी पाण्डे/ श्री ओम प्रधान

निर्णय न २ नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयहरुमा अध्यापनरत शिक्षकहरुलाई समय सापेक्ष प्राविधिक सहयोग प्रदान गर्न, विद्यालयहरुको अनुगमन लगायत तोकिएको क्लष्टरमा रहि शिक्षा समितिबाट क्लष्टर तोकिने गरी शिक्षक सहजकर्ताको मासिक रुपमा कार्य प्रतिवेदन क्लष्टर अनुसारको प्रगति प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत समक्ष पेस गर्ने गरी कामकाज गर्न देहाय बमोजिमको शिक्षक सहजकर्ता नियुक्ति गर्ने निर्णय गरियो ।

(१) श्री हरिप्रसाद पोखरेल, श्री कमला मा.वि ढुङ्ग्रेबास,

(२) श्री रमेश देवकोटा, जनजागृति मा.वि. निबुवाटार,

(३) श्री महनप्रसाद गौतम, जनजागृति मा.वि. निबुवाटार,

निर्णय न ३ नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिमा शिक्षा शाखाका तर्फबाट प्राविधिक सहायक सरजीत तामाङलाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

निर्णय न ४ कमलामाई नगरपालिका वडा न. ०५ अन्तर्गत रहेको श्री जनता प्रा.वि. कालीमाटी २०७७ असार ७ गते श्री जनज्योति मा.वि. फोस्रेटारमा समायोजन भएको र विद्यालय समायोजन पश्चात त्यस विद्यालयको जग्गा जमीन तथा भौतिक संरचना प्रयोग विहिन भएकोले उक्त विद्यालयको चल अचल सम्पत्तिको संरक्षण गर्ने गरी उक्त विद्यालयको नाममा रहेको जमीन श्री जनज्योति मा.वि. फोस्रेटारलाई प्रयोग गर्न दिने निर्णय गरियो ।

निर्णय नं ५ : वडा नं १३ र १४ र ९ को ल्याण्ड फिल्ड साईडका क्षेत्रका सम्बन्धमा स्थान पहिचानको लागि उक्त वडाका अध्यक्षहरु र विषय विज्ञ रहने गरि वातवरण शाखावाट समिति गठन गरी सोको प्रतिवेदन कार्यापालिका समक्ष पेश गर्ने र वडा नं. १३ र १४ का लागि हाल हप्तामा दुई दिन ट्रयाक्टरले फोहोर उठाउने व्यवस्था गर्ने ।

निर्णय नं ६ : कमलामाई नगरपालिका वडा नं. अन्तरगत भिमान लच्का पुल मर्मत को लागि प्राविधिक स्टेमेट पेश गर्ने ।

निर्णय नं ७ : विगत केहि समय देखी कमलामाई नगरपालिका क्षेत्र भित्र व्यापक रुपमा फैलिदै गईरहेको डेगीं रोगको नियन्त्रण एवम सचेतना कार्यक्रम सचालन गर्न स्वास्थ्य कार्यालय सिन्धुलीलाई पत्राचार गर्ने ।

निर्णय नं ८ : नेपाल स्वास्थयको लागि पानी -नेवा) संगको सहकार्यमा देहाय वमोजिमको खानेपानि आयोजना को नगरपालिका नेवा,वडा समिति तथा उपभोक्ता समिति विच सम्झौता गरी कार्यान्वयन गर्ने ।

क) वाटो निगाले खा.पा. वडा नं. ३

ख) रानीचुरी रंगमहल खा.पा. वडा नं. १०

निर्णय नं ९ : कमलामाई नगरपालिकामा नेपाल सरकारको संघीय शर्षत कार्यक्रम अर्न्तगत धानवालीमा नँया पकेट निर्माणको लागि प्राप्त वजेट वाह्र लाख साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम ,२०७३ अनुसार कमलामाई नगरपालिकाको वडा नं.१३ र १४ मा कम्तिमा १० हेक्टर क्षेत्रफलमा पूर्वमा चन्दनपुर पश्चिममा मदन भण्डारी राजामार्ग उत्तरमा चन्दा रुचानी खेत फाँट दक्षिणमा रानीवास खेत फाँट पर्ने ठाँउको चारकिल्ला को परिधि भित्र रहि कार्यक्रम संचालन गर्ने ।

निर्णय नं.१० : कमलामाई नगरपालिकामा नेपाल सरकारको संघीय शर्षत कार्यक्रम अनुसार रैथाने वालि प्रवर्द्धन कार्यक्रमको लागि प्राप्त वजेट दश लाख पचास हजार नगरपालिका क्षेत्रभित्र लोप हुन लागेका स्थानीय जातका खाद्यन्न तथा अन्य वालिहरु संरक्षण गर्नको लागि

रैथाने वालि प्रर्वद्धन कार्यक्रम संचालन कार्यविधि ,२०७९ अनुसार संचालन गर्नको लीग वडा नं. २ र ४ मा कार्यक्रम संचालन गर्ने ।

निर्णय नं.११ : कमलामाई नगरपालिकामा नेपाल सरकारको संघीय शर्षत कार्यक्रम अर्न्तगत सुन्तलाजातको नँया पकेट निर्माणको लागि प्राप्त वजेट वाह्र लाख साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम ,२०७३ अनुसार कमलामाई नगरपालिकाको वडा नं.७ मा कम्तिमा ७ हेक्टर क्षेत्रफलमा चारकिल्ला को परिधि भित्र रहि कार्यक्रम संचालन गर्ने ।

निर्णय नं. १२ : रोजगार सहायक पदपूर्ति विज्ञ मा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख श्री हिरालाल भण्डारी लाई नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ : कमलमाई नगरपालिका वडा नं. ६ स्थित कृषि उपज वजार र जुनार संघ सिन्धुलीको भवनहरु नगरपालिका को स्वामित्वमा संचालन भएको अवस्थामा त्यँहा संचालन भएका र प्रयोग भएका संघ संस्थालाई उनीहरुले के-कति कारणवाट आधारमा नगरपालिका को स्वामित्व को जग्गा प्रयोग भएको हो , त्यसको कारण र कागजात माग गर्ने पत्रचार गर्ने निर्णय गरियो ।

निर्णय नं.१४ : कृषि माटो परिक्षण प्रयोगशाला निर्माण तथा व्यवस्थापन कार्यक्रमको लागि रु. दुई लाख नगरपालिका केन्द वजेट उप शिर्षक फुटकर पुँजिगत खर्च शिर्षक वाट खर्च हुने गरि ल्याव निर्माणको लागि थप वजेट विनियोजन गर्ने ।

निर्णय नं.१५ : कमलामाई नगरपालिका को योजना शाखावाट डि.पि.आर. संकलन गरि कार्यपालिका समक्ष पेश गर्ने ।

निर्णय नं.१६ : कमलामाई नगरपालिका कुकुर बन्ध्याकरण तथा रेविज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि ,२०७८ को परिच्छेद ४ , दफा ६ को उपदफा ६.१ मा रहेको रु.२०००।- को सट्टामा रु.४०००।- राखि शंसोधन गर्ने ।

निर्णय नं.१७ :**कमलामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय, पशु विकास शाखाको निसर्त तर्फको प्रधानमन्त्री कृषि आधुनिकिकरण परीयोजना अन्तरगत आ.व.२०७८/०७९ मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रम निरन्तरता अन्तरगत चँदाहा कमला कृषि समुहलाई उक्त कार्यक्रम संचालनको लागी सूचना प्रकाशन गर्ने निर्णय गरीयो ।**

निर्णय नं.१८ : यस नगरपालिकाको एघारौं नगरसभावाट स्वीकृत कमलामाई नगरपालिका पशु विकास कार्यक्रम अन्तर्गत रेविज सँग नियन्त्रण शिर्षकमा विनियोजित रकमवाट नगरपालिका सवै वडाहरुमा रोग विरुद्ध खोप कार्यक्रम संचालन गर्ने ।

निर्णय नं.१९ : कमलामाई नगरपालिका वडा नं १४ र दुधौली नगरापलिका वडा नं. ३ को कमलाखोला पुल उत्तरको पर्ति जग्गा विवादित रहेको जग्गा सिमाकंन गर्न दुधौली नगरपालिका र कमालमाई नगरपालिका का वडा अध्यक्ष,उपप्रमुख र प्रमुख हरु वसि सर्वे गर्न लाई नाप नक्सा गराई छुट्याउने निर्णय गरियो ।

निर्णय नं.२० : भण्डार खोला खानेपानी क.न.पा.११ भीरगाँउ , क.न.पा. १३ मडाहा खानेपानी र क.न.पा. ८ पानी तान्ने मोटर ( पाँच एच पि) खरिद को लागि प्रत्येक योजनाको लागि रु. १५०००।- एकलाख पचास हजार फुटकर पुजिगत शिर्षक वाट भुक्तानी दिने ।

निर्णय नं. २१ : असहाय ,अपङ्गता भएका व्यक्तिहरुलाई एक पटको लागि वडा कार्यालयको सिफारिसमा रु.१००००।- सम्म नगर प्रमुखको स्वीकृतमा आर्थिक सहायता वापत उपलब्ध गराउने ।